आज मिति २०७९ साल चैत महिनाको ३० गते बिहीबारको बिहान ८:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा आ.ब.०७९/०८० को दशौं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री प्रचण्ड मान सिहँ बस्नेत (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शैलेश मान मानन्धर (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री योश कुमार वाईबा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री इश्वरी खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री भानु विश्वकर्मा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री प्रकाश विसुंखे | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री विद्यालक्ष्मी श्रेष्ठ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी पौड्याल | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री सुमित्रा विष्ट के.सी. | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री सुरेश बस्याल | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री भोला प्रसाद चापागाई | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (सुचना अधिकारी, वरिष्ठ शाखा अधिकृत)

२. श्री ननिता खत्री (कानुनी सहजकर्ता)

मिति २०७९/१२/२८ गते नगर प्रमुखज्यूबाट मिति २०७९/१२/३० गते आ.ब.०७९/०८० को नगर कार्यपालिकाको दशौं बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | आघिल्लो बैठकको समिक्षा सम्बन्धमा । | • चालु आ.ब.०७९/०८० मा हालसम्म यस कार्यपालिकाबाट भएका निर्णयहरु कार्यान्वयनका सम्बन्धमा छलफल गरी विस्तृत समिक्षा गरियो । |
| २. | मिलिजुली गाई फर्म लगानी फिर्ता सम्बन्धमा । | • यस नगरपालिका र काठमाडौं महानगरपालिकाबीच मिति २०७८/११/०३ गते भएको छाडा छाडिएका पशु व्यवस्थापन गर्ने सम्बन्धमा भएको सम्झौता बमोजिम काठमाडौं महानगरपालिकाको च.नं.१७४१, मिति २०७९/११/१५ गतेको पत्रसाथ चेक नं.०५७८७८२४५ बाट रु.५०,००,०००।- (अक्षरुपी पचास लाख रुपैयाँ मात्र) प्राप्त भएको तथा उक्त पत्रबाट नै मिति २०७८/११/०३ को सम्झौताको बुदाँ नं.७ बमोजिम मिलिजुली पशुपालन समुहको क्षतिपूर्ति बापतको रकम रु.१९,९१,२५४।६५ (अक्षरुपी उन्नाईस लाख एकान्नब्बे हजार दुई सय चवन्न रुपैयाँ पैसठ्ठी पैसा) उक्त समूहलाई वडा नं.७ बाट लेखि आए अनुसार लगानी रकम फिर्ता गर्ने र बाँकी रकमबाट उक्त गाई फर्म जाने दक्षिणकाली गेट देखीको कोपुसम्मको पहुँच मार्ग निर्माण गर्ने । |
| ३. | कानून निर्माण सम्बन्धमा । | • यस नगरपालिका अन्तर्गत स्वास्थ्य सेवा बिस्तार एवं विकासका लागि नगरपालिका स्तरीय अस्पताल स्थापना तथा सञ्चालनका एवं जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा सञ्चालनका लागि व्यवस्था गर्न कानून ईकाईबाट तयार भई विधयेक समितिमार्फत् पेश हुन आएको तपसिल बमोजिमको कार्यविधिहरु संशोधन सहित स्वीकृत गर्ने ।<br>तपसिल<br>क. नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९<br>ख. जेष्ठ नागरिक घरदैलो सेवा सञ्चालन कार्यविधि, २०७९<br>• यस नगरपालिकाको दैनिक कार्य सम्पादनका लागि विभिन्न शाखा/उपशाखाहरुबाट माग भई आएका तपसिल बमोजिमका कानूनहरु निर्माण गर्नु पर्ने भएकोले विधेयक समितिमा पठाउने ।<br>तपसिल<br>१. बाल अधिकार संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन सम्बन्धी एकीकृत कार्यविधि,<br>२. कृषि तथा पशुपंक्षी पालनमा प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि,<br>३. नगर प्रमुख विपन्न नागरिक औषधी उपचार सहायता कार्यविधि,<br>४. दक्षिणकाली नगरपालिका स्वास्थ्य बिमा सञ्चालन कार्यविधि,<br>५. दक्षिणकाली नगरपालिका लेखा समिति गठन तथा सञ्चालन नियमावली,<br>६. दक्षिणकाली हाटबजार सञ्चालन कार्यविधि,<br>७. दक्षिणकाली पर्यटन विकास तथा सम्पदा संरक्षण कार्यविधि,<br>८. फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि,<br>९. पूर्व निर्मित भवन अभिलेखिकरण कार्यविधि, |

| | | |
|---|---|---|
| | | १०. स्थानिय तहको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी कार्यविधि । |
| ४. | शुभकामना आदान प्रदान सम्बन्धमा । | • नव वर्ष २०८० को पावन अवसरमा सम्पूर्ण नगरबासी एवं देश विदेशका रहनु भएका सम्पूर्ण नेपालीहरुमा सुस्वास्थ्य, दीर्घायु, समृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना सहित शुभकामना व्यक्त गर्ने । |
| ५. | विविध । | • यस नगरपालिकाको विभिन्न स्थानहरुमा जग्गा खण्डीकरण तथा प्लटिङ्ग गरिएको जनगुनासो आउने गरेको र नगरपालिकाको विभिन्न आयोजनाहरुको अनुगमन गर्दा केही स्थानको सार्वजनिक, ऐलानी जग्गाहरुमा समेत डोजर सञ्चालन भै जग्गाको खण्डिकरण भैरहेको देखिएको हुदाँ उक्त कार्यले नगरको सार्वजनिक स्थान, कानून बमोजिमको सडक मापदण्डको भन्दा फरक सडक निर्माण हुने, भु-क्षय तथा जमिनको बनावटमा समेत नकारात्मक प्रभाव पर्ने भएको हुदाँ हाललाई अर्को आदेश तथा निर्णय नभएसम्मका लागि जग्गाहरुको खण्डीकरण तथा प्लटिङ्ग गर्ने कार्य रोक्का गर्न सम्बन्धित निकायलाई पत्राचार गर्ने ।<br>• यस नगरपालिकाको आ.ब.०७८/०७९ को महालेखा परिक्षकको कार्यालयबाट भएको अन्तिम लेखापरिक्षणबाट प्राप्त अन्तिम प्रतिवेदन छलफलका लागि लेखा समितिमा पठाउने । |

गोपाल प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत